# प्रेस विज्ञप्ति

## नागरिक संस्थाहरूको दिगोपन सूचकमापन प्रतिवेदन सार्वजनिक

**२३ माघ २०७५ (7 February 2019)**

GoGo Foundation ले FHI 360/ICNL/USA सँगको सहकार्यमा नागरिक संस्थाहरूको सन् २०१७ को दिगोपन सूचक मापन प्रतिवेदन तयार गरेको छ ।

CSOSI एक विश्वव्यापी स्वतन्त्र अध्ययन प्रतिवेदन हो । यो प्रतिवेदन FHI 360/ICNL ले USAID सँगको सहकार्यमा विश्वका ७० वटा देशका नागरिक संस्थाहरूको सवल तथा दिगोपनको मापन गरेर वार्षिक रुपमा सार्वजनिक गर्दछ । साथै दक्षिण तथा दक्षिण पूर्वि एशियाका ९ वटा मुलुक ( नेपाल, बंगलादेश, बर्मा, पाकिस्तान, कम्बोडिया, इन्डोनेशिया, फिलिपिन्स, श्रीलंका र थाईल्याण्ड) लाई समेटेर एशियन संस्करणका रुपमा सार्वजनिक गरिन्छ । नेपालका लागि गोगो फाउण्डेसनले नागरिक अभियन्तालगायत विज्ञहरुको संलग्नतामा विभिन्न सातवटा एकआपसमा अन्तरसम्बन्धित सूचकमा आधारित भएर प्रारम्भिक प्रतिवदेन तयार गर्दछ । उल्लेखित सूचकहरूमा legal environment, organizational capacity, financial viability, advocacy, service provision, infrastructure र public image रहेका छन् । साथै स्थानीय संस्थाहरूले सम्बन्धित विषयमा गहिरो विश्लेषणसमेत गरेका हुन्छन् ।

यस अध्ययनले समेटेका देशका साझेदार संस्थाले तयार गरेको प्रारम्भिक मस्यौदा प्रतिवेदनलाई क्षेत्रिय र अर्न्तराष्ट्रियस्तरका विज्ञ समूहले छुट्टाछुट्टै समीक्षा गरी सम्बन्धित देशले प्राप्त गरेको अन्तिम अंकको आधारमा ती देशलाई तीनवटा दिगोपनको अवस्थामा वर्गीकरण गरिएको हुन्छ । जसमा उन्नत दिगोपन (sustainability enhanced); दिगोपन उन्मुख sustainability evolving; र दिगोपन अवरूद्ध sustainability empeded रहेका छन् । दिगोपनको वर्गीकरण गर्दा १ देखि ३ अंक प्राप्त गर्ने मुलुकलाई उन्नत दिगोपन, ३.१ देखि ५ अंक दिगोपन उन्मुख र ५.१ देखि ७ अंकसम्म दिगोपन अवरूद्धको रुपमा वर्गीकरण गरिन्छ ।

सन् २०१७ मा दक्षिण तथा दक्षिणपूर्वि एशियाका नौ वटा देशमध्ये नेपालले ७ पूर्णांकमध्ये ४.३ अंक प्राप्त गरि पाँचौ स्थानमा परेको छ । साथै फिलिपिन्स र बंगलादेश क्रमशः पहिलो र दोस्रोमा परेका छन् भने क्याम्बोडिया र श्रीलंका क्रमशः छैटौं र सातौं स्थानमा छन् । सन् २०१७ को प्रतिवेदनमा समावेश गरिएका देशहरूले सूचक अनुसार प्राप्त गरेको Rank र प्राप्तांक निम्नानुसार रहेको छः

| प्रतिवेदनमा समेटिएका देशको नाम | सन् २०१७ मा CSOSI को Rank र प्राप्तांक | विभिन्न सूचक अर्न्तगत मुलुकले प्राप्त गरेको Rank र प्राप्तांक | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कानुनी वातावरण | संस्थागत क्षमता | आर्थिक क्षमता | वकालत को स्तर | सेवाको प्रावधान | पूर्वाधारको अवस्था | सार्वजनिक छवि |
| फिलिपिन्स | १(३.४) | १ | २ | १ | ३ | १ | १ | १ |
| बंगलादेश | २(३.७) | ५ | १ | २ | २ | २ | २ | २ |
| इन्डोनेसिया | ३(४.०) | ४ | ३ | ३ | १ | ४ | ३ | ४ |
| पाकिस्तान | ४(४.२) | ६ | ७ | ४ | ५ | ३ | ५ | ३ |
| **नेपाल** | **५(४.३)** | **२** | **८** | **५** | **४** | **७** | **७** | **६** |
| कम्बोडिया | ६(४.५) | ८ | ४ | ८ | ८ | ६ | ४ | ५ |
| श्रीलंका | ७(४.६) | ३ | ९ | ९ | ६ | ८ | ९ | ७ |
| बर्मा | ८(४.६) | ७ | ६ | ६ | ७ | ५ | ६ | ९ |
| थाईल्याण्ड | ९(४.७) | ९ | ५ | ७ | ९ | ९ | ८ | ८ |

गोगो फाउण्डेशन (असल शासन फाउण्डेशन) (Good Governance Foundation)
GoGo Foundation
जि.प्र.का. काठमाडौं द.नं. ३५५/२०६५/६६
स.क.प. काठमाडौं आ.नं. २६१५६/२०६५/६६
पान नं. ३०३७६६१२४
अनामनगर, का.म.पा. ३२, काठमाडौं, नेपाल
Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process.

सातवटा सूचकमा नेपाल ४.३ अंक प्राप्त गरी पाँचौं स्थानमा दिगोपन उन्मुख देखिएको छ । नेपालले माथि उल्लेखित ७ वटा सूचकमध्ये CSO को संस्थागत क्षमता, आर्थिक अवस्था, सेवाको प्रावधान, पूर्वाधारको अवस्था र सार्वजनिक छवि अन्तर्गत कम अंक प्राप्त गरेको छ । साथै नेपालमा नागरिक संस्थासम्बन्धी कानुनी व्यवस्था राम्रो देखिए तापनि कार्यान्वयन पक्षमा एकरुपमा आउन सकेको छैन । सन् २०१७ को प्रतिवेदन अनुसार दक्षिण तथा दक्षिणपूर्वि एसियाली देशका नागरिक संस्थाले प्राप्त गरेको समग्र दिगोपन सूचक र ७ वटा छुट्टाछुट्टै उपसूचकहरूमा प्राप्त अंक निम्नानुसार रहेको छ :

| देशको नाम | समग्र CSO दिगोपनको प्राप्तांक | सन् २०१७ मा उल्लेखित मुलुकले छुट्टाछुट्टै सूचकमा प्राप्त गरेको अंक | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कानुनी वातावरण | संस्थागत क्षमता | आर्थिक क्षमता | वकालत को स्तर | सेवाको प्रावधान | पूर्वाधार | सार्वजनिक छवि |
| फिलिपिन्स | ३.४ | ३.५ | ३.४ | ४.० | ३.५ | २.९ | २.९ | ३.४ |
| बंगलादेश | ३.७ | ४.५ | ३.२ | ४.३ | ३.५ | ३.२ | ३.६ | ३.६ |
| इन्डोनेसिया | ४.० | ४.४ | ३.८ | ४.५ | ३.४ | ३.८ | ४.२ | ४.२ |
| पाकिस्तान | ४.२ | ४.५ | ४.३ | ४.५ | ४.० | ३.६ | ४.३ | ४.० |
| नेपाल | ४.३ | ४.२ | ४.४ | ४.६ | ३.९ | ४.२ | ४.४ | ४.५ |
| कम्बोडिया | ४.५ | ४.९ | ३.९ | ५.२ | ४.७ | ४.२ | ४.३ | ४.३ |
| श्रीलंका | ४.६ | ४.२ | ४.६ | ५.३ | ४.१ | ४.४ | ४.८ | ४.५ |
| बर्मा | ४.६ | ४.६ | ४.३ | ५.१ | ४.३ | ४.२ | ४.४ | ५.१ |
| थाईल्याण्ड | ४.७ | ५.१ | ४.१ | ५.१ | ४.८ | ४.४ | ४.७ | ४.९ |

अन्तमा, प्रतिवेदनले औंल्याएका तत्थ्यहरु सार्वजनिक गरेर सहयोग गरिदिनु हुन अनुरोध छ । साथै यस बारेमा थप जानकारी हामी सदैव उपलब्ध हुने व्यहोरासमेत यसैसाथ हार्दिक अनुरोध गर्दछौं । यहाँको जानकारीको लागि नेपालसम्बन्धी प्रतिवेदनको प्रति यसैसाथ संलग्न गरिएको छ ।

सहयोगको लागि धन्यवाद ।

................................
केदार खडका
कार्यकारी निर्देशक, गोगो फाउण्डेसन
९८५१०७२२२५